कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालिकोट

☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/६/५
च.नं.-३६

विषयः **कृषि सिचाइ योजना निर्माण तथा मर्मत संभारका लागि उपभोक्ता समिति गठन गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक लक्ष अनुसार तपसिल अनुसारका कृषि सिचाइ योजना निर्माण तथा मर्मत संभार गर्ने कार्यक्रम रहेको हुँदा सिंचाई प्रभाव क्षेत्रका इच्छुक कृषकहरुबाट रित पूर्बक गठन गरिएको उपभोक्ता समितिबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०७७/७/५ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | आयोजनाको नाम, ठेगाना | रकम रु |
|---|---|---|
| 11.4.15.547 | ठेग्न सिचाइ पोखरी राचुली, तिलागुफा-४ | १० लाख |
| 11.4.15.548 | तुसारमुला देखि सैनी सिंचाई कुलो, शुभकालिका-४ | १० लाख |
| 11.4.15.549 | सिमाइला सिचाइ पोखरी, खाँडाचक्र-२ | १० लाख |
| 11.4.15.550 | रेउमुला सिचाइ पोखरी, शुभकालिका-४ | १० लाख |
| 11.4.15.551 | गोरुपानी सिचाइ पोखरी, महावै-४ | १० लाख |
| 11.4.15.552 | कपुरखोला सिचाइ पोखरी, खाँडाचक्र-२ | १० लाख |
| 11.4.15.554 | मुसिकोट मुलखोला देखि सादवारे सिचाइ कुलो, महावै-३ | १० लाख |
| 11.4.15.555 | माथिवाडा सिचाइ पोखरी, तिलागुफा-७ | १० लाख |
| 11.4.15.557 | रिटा सिचाइ कुलो, शुभकालिका-८ | १० लाख |
| 11.4.15.559 | चापकाडे सिचाइ पोखरी, शुभकालिका-८ | १० लाख |
| 11.4.15.561 | छहट्ने सिचाइ योजना, पलाता-६ | ५० लाख |
| 11.4.15.563 | भेरेखोला माझघर सल्लीकाँध हुदै भैसेनीगडा सम्म सिचाई, नरहरीनाथ-४ अदेला | २५ लाख |
| 11.4.15.566 | चिप्लापहाड देखि कुमलिया कबसारी सम्म सिचाइ कुलो, पलाँता-८ | १५ लाख |
| 11.4.15.569 | घट्टेगाड देखि खुइखेत सम्म सिचाइ कुलो, पचालझरणा-२ | १० लाख |
| 11.4.15.572 | दाहा तलसेरा सिचाइ कुलो, खाँडाचक्र-६ | २५ लाख |
| 11.4.15.578 | तोरीखाना जाइवोट सिचाइ योजना, शान्नित्रिवेणी-१ र २ | ५ लाख |
| 11.4.15.579 | छिडेनी अम्तडा कृषि सिचाइ योजना सान्नीत्रिबेणी २ | ५ लाख |
| 11.4.15.580 | सुनार खोला पगाते सिचाइ योजना, सान्नित्रिबेणी-४ | १५ लाख |

<u>आवश्यक कागजातः</u>

- ✓ प्रस्ताबित सिंचित क्षेत्रको सिर, मध्य र पुछार क्षेत्रका कृषकहरु सम्मिलित उपभोक्ता समिति गठन भएको निर्णयको प्रतिलिपि,
- ✓ साना तथा मझौला सिंचाई निर्माण तथा मर्मत संभार गर्न निर्दिष्ट विबरण भरिएको निबेदन,
- ✓ उपभोक्ताहरुको तर्फबाट कारोवारमा सहभागिताका लागि आधिकारीक प्रतिनिधि तोकेको निर्णय प्रतिलिपि र तिनिहरुको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
- ✓ सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

***पुनश्चः*** *उपभोक्ता समिति गठन गर्दा कार्यालयका पदाधिकारी र स्थानीय तह वडा कार्यालयका जनप्रतिनिधिहरुको रोहबरमा बैठक बस्नु पर्ने छ। कार्यालयका पदाधिकारीको अनुपस्थितमा गरिएको निर्णय कार्यालयलाई मान्ने हुने छैन ।*

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय

# कृषि बिकास कार्यालय

मान्म, कालिकोट

☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/६/५

च.नं.३६

विषयः **कृषि ब्यवसाय प्रबर्द्धन कार्यक्रममा प्रस्ताव आह्वान संबन्धि सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को बार्षिक लक्ष अनुसार कृषि शिक्षा अध्ययन गरेका, बिदेशबाट फर्किएका युवा, अपाङ्ग, एकल महिला, द्वन्द पिडित र कोरोना प्रभाबित युवाहरुलाई स्वरोजगार प्रदान गर्ने कार्यक्रम रहेकोले कालिकोट जिल्लाका इच्छुक लक्षित समूह तथा बेरोजगार युवाहरुबाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७७/७/५ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित निबेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

<u>आवश्यक कागजात:</u>

१. ब्यावसायिक योजना (उद्यमिको अनुभव, ब्यवसायको परिचय, कार्यक्रमको उदेश्य, संचालन गरिने क्रियाकलाप, क्रियाकलाप अनुसारको बजेट तथा ब्यक्तिगत योगदान खुलेको आर्थिक प्रस्ताव, कम्तिमा ३ बर्षको उत्पादन योजना, कच्चा पदार्थको आपुर्ति तथा उत्पादित बस्तुको बिक्रि योजना आदी) सहितको प्रस्ताव ।

२. आबेदनकर्ताको नागरिकता प्रमाण पत्र तथा शैक्षिक योग्यताको प्रतिलिपी ।

३. लक्षित बर्गको पँहिचान खुल्ने गरी सम्बन्धित निकायबाट जारी भएको प्रमाण पत्रको प्रतिलिपि ।

४. सम्बन्धित स्थानीय तह वडा कार्यालयबाट बेरोजगार युवाको अवस्था खुलेको शिफारिष पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालिकोट
☎ ०८७–४४०११८

प.सं. २०७७/७८ मितिः २०७७/६/५
च.नं.३६

विषयः **व्यावसायिक कृषकका लागि कृषि यान्त्रीकरण कार्यक्रममा मेशिनरी औजार/उपकरण माग गर्ने सम्बन्धि सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को बार्षिक लक्ष अनुसार व्यावसायिक कृषकका लागि कृषि यान्त्रीकरण कार्यक्रममा मेशिनरी औजार/उपकरणमा अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा कालिकोट जिल्लाका इच्छुक ब्यावसियक कृषक/कृषक समुह/कृषि सहकारी संस्थाबाट आवेदन आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७७/७/५ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित आबेदन पेश गर्न सूचित गराइन्छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजातः

१) संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
२) अनुसूची-२ अनुसार पूर्ण बिवरण भरिएको निबेदन ।
३) सम्वन्धित स्थानीय तह वडा कार्यालय वा कृषि बिकास शाखाको सिफारिस पत्र ।
४) सहकारी र नीजि फर्मको हकमा गत आ.व. को संस्थाको लेखा परिक्षण भएको प्रतिवेदन, कर वुझाएको वा कर छुट भएको भए सम्वन्धित कार्यालयको प्रमाणको प्रतिलिपी ।
५) अन्य आवश्यक कागजातहरु ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालिकोट

☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/६/५
च.नं. ३६

विषयः **प्राङ्गारिक मल उत्पादन प्रबर्द्धनका लागि प्रस्ताव आह्वानको सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक लक्ष अनुसार प्राङ्गारिक मल उत्पादन प्रबर्द्धन कार्यक्रम अन्तर्गत हरेक गोठ प्राङ्गारिक मलको श्रोत अभियान कार्यक्रम रहेकोले कालिकोट जिल्लाको अर्गानिक नमुना गाउँ कार्यक्रम संचालन भएको स्थान र प्राङ्गारिक कृषि उत्पादन कार्यक्रम संचालन भएका अन्य स्थानका प्राङ्गारिक खेतीमा संलग्न वा प्राङ्गगारिक खेती गर्न चाहने इच्छुक कृषक/समूह/सहकारी संस्थाबाट दरखास्त आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले ३० दिन भित्र (मिति २०७७/७/५ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ। कार्यालयले तोकेको मापदण्ड अनुसार भकारो सुधार तथा सुधारिएको गोठेमल/कम्पोष्ट खाडल निर्माण गर्न प्रयाप्त जमिन नभएका वा म्याद नाघी वा रित नपुगी प्राप्त आबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजातहरु:

१) संस्था/फर्म दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
२) कृषक/कृषक समूह/सहकारीले सूचना अवधि भित्र संरचना निर्माणमा संलग्न कृषक र निर्माण समिति गठन गर्ने बारे संस्थागत निर्णयको प्रतिलिपि ।
३) निर्धारित बिवरण भरिएको आबेदन ।
४) सम्वन्धित स्थानीय तह वडा कार्यालय/कृषि बिकास शाखाको सिफारिस पत्र ।
५) उपभोक्ता/निर्माण समितिका पदाधिकारीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

***पूनश्चः*** *आवेदन पेश गर्नु पूर्ब समूह/सहकारी संस्थाले निर्माण समिति गठन तथा अन्य संस्थागत निर्णय गर्दा कार्यालयका पदाधिकारी वा स्थानीय तह कृषि बिकास शाखाका प्राबिधिकको रोहबरमा बैठक बस्नु पर्ने छ।*

कर्णाली प्रदेश सरकार
भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
# कृषि बिकास कार्यालय
मान्म, कालिकोट
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/६/५
च.नं. ३६

विषयः **प्रिफ्याब प्रबिधिको कोल्ड स्टोर स्थापनाका लागि प्रस्ताव आह्वान को सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को वार्षिक लक्ष अनुसार प्रिफ्याब प्रबिधिको कोल्ड स्टोर स्थापना तथा संचालन गर्ने कार्यक्रम रहेको हुँदा कोल्ड स्टोर संचालनका लागि बिद्युत सेवा उपलब्ध भएका तथा सडक यातायातको सुबिधा भएका स्थानका फर्म/कृषक समूह/उत्पादन सहकारी संस्थाबाट दरखास्त आह्वानको लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०७७/७/०५ गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु संलग्न राखी आवेदन पेश गर्न सूचित गराइन्छ। म्याद नाघी वा रित नपुगी प्राप्त हुन आएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धी थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

आवश्यक कागजातः

- ✓ कालिकोट जिल्लामा कोल्ड स्टोर स्थापनाको औचित्य, वाली/बस्तुको भण्डारण तथा बजारिकरण योजना सम्बन्धि विबरण सहितको निबेदन,
- ✓ सडक किनारामा कोल्ड स्टोर निर्माण तथा पार्किङ्ग सुबिधाका लागि आवश्यक जमिन भएको हकभोग/स्वामित्व खुलेको जग्गा धनि पूर्जाको को प्रतिलिपि,
- ✓ समितिका सदस्यहरुबाट कोल्ड स्टोर स्थापना तथा संचालनका लागि अख्तियारी प्रदान गर्ने सम्बन्धि निर्णय प्रतिलिपि र अख्तियारवालाको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि,
- ✓ सम्वन्धित स्थानीय तहको सिफारिस पत्र,

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

कर्णाली प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि बिकास निर्देशनालय
**कृषि बिकास कार्यालय**
मान्म, कालिकोट
☎ ०८७–४४०११८

पत्र संख्याः- २०७७/७८ मितिः २०७७/६/५
च.नं. ३६

विषयः **उत्पादन तथा उद्यमशिलता प्रबर्दनका लागि प्रस्ताव आह्वान संबन्धि सूचना ।**

प्रस्तुत विषयमा यस कार्यालयको आर्थिक वर्ष २०७७/७८ को बार्षिक लक्ष अनुसार महिला सहकारी मार्फत उत्पादन तथा उद्यम प्रवर्द्धनसङ्ग सम्बन्धित तपसिलका कार्यक्रम संचालन गर्ने कार्यक्रम रहेकोले कालिकोट जिल्लाका इच्छुक महिला सहकारी संस्थाबाट प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । सूचना प्रकाशित मितिले १५ दिन भित्र (मिति २०७७/६/२० गतेसम्म) कार्यालय समयमा आवश्यक कागजातहरु सहित निबेदन पेश गर्न सूचित गराइन्छ। बिगतमा यस प्रकृतिको अनुदान सहयोग प्राप्त नगरेका आबेदनकर्तालाई बिशेष ग्राह्यता दिइने छ । म्याद नाघी वा रित नपुगी प्राप्त भएका निबेदन उपर कुनै कारबाही हुने छैन । यस सम्बन्धि थप जानकारीका लागि कार्यालयको *Website:* ***adokalikot.karnali.gov.np*** हेर्न वा कार्यालयको टेलिफोन नं. *०८७४४०११८* मा सम्पर्क गर्न सकिने छ ।

<u>तपसिल</u>

| क्र.सं. | कार्यक्रम/क्रियाकलाप | इकाई | परिमाण | रकम रु |
|---|---|---|---|---|
| २.७.१५.५९९ | महिला सहकारी संस्था मार्फत उत्पादन तथा उद्यम प्रबर्द्धनका लागि घुम्ति कोष परिचालन | संख्या | ३ | १० लाख |
| २.७.१५.६०० | महिला सहकारी संस्था मार्फत कृषि उद्यम प्रबर्द्धन कार्यक्रम | संख्या | १ | १० लाख |

<u>आवश्यक कागजातः</u>

१. ब्यावसायिक योजना (कार्यक्रमको परिचय, हालको अवस्था, संस्थाको अनुभव, कार्यक्रमको लक्ष तथा उदेश्य, संचालन गरिने क्रियाकलाप तथा अपेक्षित उपलब्धि, संचालन गरिने क्रियाकलाप अनुसारको बजेट तथा संस्थाको योगदान खुलेको आर्थिक प्रस्ताव, कार्य योजना, कम्तिमा ३ बर्षको उत्पादन योजना, जनशक्ति विबरण तथा रोजगारीका अवस्था, कच्चा पदार्थको आपूर्ति तथा उत्पादित बस्तुको बिक्रि योजना, ऋण परिचालन आदी) सहितको प्रस्ताव ।
२. महिला सहकारी संस्था दर्ताको प्रमाण पत्रको प्रतिलिपी ।
३. गत आ.ब.को लेखा परिक्षण भएको प्रतिबेदन, कर चुक्ताको प्रमाण पत्र को प्रतिलिपि, कर छुट भएको भए संबन्धित कार्यालयको प्रमाण ।
४. सहकारी संस्थाको तर्फबाट कारोबारमा सहभागिताका लागि आधिकारिक पदाधिकारी तोकेको निर्णय प्रतिलिपि
५. सम्बन्धित स्थानीय तह वडा कार्यालयको शिफारिष पत्र ।

भरत बहादुर वस्नेत
निमित्त प्रमुख

***पुनश्च:*** *सहकारी संस्थाले कार्यक्रम संचालनका लागि सहभागि छनौट,* आधिकारिक प्रतिनिधि तोक्ने *तथा आबेदन पेश गर्ने सम्बन्धि निर्णय गर्दा कार्यालयका पदाधिकारी/स्थानीय तह कृषि बिकास शाखाका प्राबिधिकको रोहबरमा बैठक बस्नु पर्ने छ।*